# नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)


**पत्र संख्या :**
**Ref No.-**

## प्रेश विज्ञप्ति

शेयर बजारमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनका लागि अन्य उपायहरुका अतिरिक्त सूचना प्रवाहमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले विशेष जोड दिंदै आएको सर्व विदितै छ । यसै सिलसिलामा स्टक एक्सचेञ्जले मासिक रुपमा 'सेक्युरटीज मार्केट स्टाटिस्टिक्स एण्ड रिभ्यु' प्रकाशन शुरु गरेको छ। यस प्रकाशनको पहिलो अंकमा चालु आर्थिक बर्षको पहिलो नौं महिनाको कारोबारको साथै मासिक विवरणलाई प्रस्तुत गरिएको छ भने आगामी अंकहरुमा सम्बद्ध महिना तथा अवधिको कारोबार विवरण समावेश गर्ने योजना छ।

उपर्युक्त पहिलो मासिक प्रकाशनमा शेयर बजार खासगरी दोश्रो बजार कारोबारका विविध आयामलाई समेटिएको छ । कारोबार, बजार पूँजीकरण, नेप्से परिसूचक, सूचिकरण लगायतका शीर्षकमा महिनाभरी भएका गतिविधिको तथ्यांक र तुलनात्मक विश्लेषण यसमा प्रस्तुत गरिएको छ । दोश्रो बजार कारोबारमाथि हुने अध्ययनका लागि यो प्रकाशनमार्फत सम्पूर्ण मासिक कारोबार विवरण परिशिष्टको रुपमा उपलब्ध गराइएको छ।

यस अघि स्टक एक्सचेञ्जले वार्षिक कारोबार प्रतिवेदनलाई पुस्तकाकार रुपमा प्रकाशीत गर्दै आएको थियो भने साप्ताहिक र मासिक कारोबार विवरणलाई वेभसाइटमार्फत अद्यावधिक गर्दै आएको थियो। रियल टाईम इर्न्फमेशनमा आधारित वेभसाईट www.nepalstock.com मार्फत स्टक एक्सचेञ्जको कारोबार कक्षमा हुने गतिविधि प्रत्यक्ष प्रसारण हुदै आएको छ । साथै, शेयर बजार गतिविधि र कारोबारलाई समेटेर स्टक एक्सचेञ्जले द्वैमासिक रुपमा 'नेप्से न्युजलेटर' समेत प्रकाशित गर्दै आएको छ।

यसबाट साधारण लगानीकर्ता, विद्यार्थी, अनुसन्धानकर्ता तथा शेयर बजारमा रुचि राख्ने सबै लाभान्वित हुने विश्वास स्टक एक्सचेञ्जले लिएको छ।

मिति २०६५/३/८

मुराहरि पराजुली
अधिकृत


**पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल।**
**Tel.: 4250758, 4250735 Fax: 4262538 E-mail : nepse@ntc.net.np**